Volume 04, Issue 01, 2025. pp. 119–132
Research Article
DOI: https://doi.org/10.62078/grks.2025.v04i01.011

GS WOW
Wisdom of Worthy Research Journal

# उच्च शिक्षा सुधारका सवालमा सामुदायिक क्याम्पसका बाध्यताहरू

**रमेश भट्टराई**[१], **कमला रेग्मी**[२]
[१]उपप्राध्यापक तथा अनुसन्धान व्यवस्थापन एकाइ संयोजक, जनज्योति बहुमुखी क्याम्पस, सर्लाही
[२]दर्शनाचार्य, त्रिभुवन विश्वविद्यालय

## Article Info

***Corresponding Author***
Ramesh Bhattarai

***Article History***
Received: 10 April 2025
Accepted: 02 June 2025

***Email***
bhattarairamesh@353gmail.com

***Cite***
Bhattarai, R., & Regmi, K. (2025) . उच्च शिक्षा सुधारका सवालमा सामुदायिक क्याम्पसका बाध्यताहरू, *GS WOW: Wisdom of Worthy Research Journal*, *4*(1), 119–132. https://doi.org/10.5281/zenodo.16360455

## Abstract

उच्च शिक्षालाई अनुसन्धानमुखी र व्यावहारिक गुणस्तर सुधारको आधार बनाइनु आवश्यक छ। नेपालको संविधान २०७२ को भाग ४ धारा ५१ (ज), दफा (३) मा 'उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने' सन्दर्भ छ। त्यस्तै राष्ट्रिय शिक्षा नीति २०७६ दफा ९.१२ मा पनि 'गुणस्तरीय मान्यता तथा अन्तर्राष्ट्रिय स्तरको सान्दर्भिक उच्च शिक्षा' को प्रसङ्ग छ। दिगो विकासको लक्ष्य, सोह्रौँ पञ्चवर्षीय योजना, विद्यालय क्षेत्र विकास योजना आदिले उच्च शिक्षाको गुणस्तर सुधारमा व्यावहारिक कार्यान्वयनको अपेक्षा गरेको पाइन्छ । यद्यपि नेपालमा निजी, सामुदायिक र सरकारी क्याम्पसको फरक वर्गीकरण र व्यवहारका कारण प्रभुत्व वर्ग र सीमान्त वर्गले पढ्ने शैक्षिक निकाय तथा विषय क्षेत्र नै फरक रहेको देखिन्छ। स्थानीय सरकारले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार विद्यालयीय शिक्षामै ध्यान दिनु पनि सान्दर्भिक नै देखिन्छ। अर्कोतिर प्रदेश सरकारले विधानतः आफ्नो प्रदेशभित्रका सम्बन्धन प्राप्त क्याम्पसप्रति कम चासो दिने र माउ क्याम्पसले सबैभन्दा बढी जनशक्ति उत्पादन गरिरहेका सामुदायिक क्याम्पसलाई मूलतः आफ्नो आम्दानी स्रोतका रूपमा लिने अघोषित यथार्थका कारण यस्ता क्याम्पसहरू सबैभन्दा बढी मारमा परेको देखिन्छ। विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त अनुदानको सीमित रकमका भरमा विद्यार्थी सङ्ख्या कम भएका सामुदायिक क्याम्पसहरूले उच्च शिक्षाको गुणस्तरका मापदण्डअनुरूप आफूलाई रूपान्तरित गर्न नसक्नु प्रमुख बाध्यता हो। यसर्थ उच्च शिक्षा सुधारका सवालमा सामुदायिक क्याम्पसका बाध्यतालाई निर्क्योल गर्नु नै यस अध्ययनको मुख्य उद्देश्य रहेको छ। गुणात्मक अनुसन्धान विधिमा आधारित यस अध्ययनमा व्याख्याविश्लेषण प्रक्रियाबाट समीक्षात्मक निष्कर्ष पेस गरिएको छ। यस अध्ययनबाट मधेश प्रदेशका धेरैजसो छिमेकी सामुदायिक क्याम्पसहरूबिचमा विद्यार्थी तानातान हुने, एकै खालका कार्यक्रम सञ्चालन गरिने, विद्यार्थीको आम्दानीबाट क्याम्पसको खर्च धान्न नसक्ने, स्थानीय सरकार र दाताहरूसँग हारगुहार गरिरहनुपर्नेलगायतका समस्याका कारण गुणस्तर सुधारमा समस्या रहेको पाइयो। यसर्थ यस अध्ययनबाट सामुदायिक क्याम्पसलाई मधेश प्रदेश सरकारले आवश्यकता अध्ययन गरी प्रभावकारी व्यवस्थापन गर्नुपर्ने, मुलुकलाई आवश्यक पर्ने जनशक्तिको सर्वेक्षण गरी कार्यक्रमहरूलाई समायोजन गर्नुपर्ने तथा गुणस्तर मापदण्डका आधारमा स्तरीकरण गरी अपनत्व ग्रहण गर्नुपर्ने निष्कर्ष प्राप्त भएको छ।

*मुख्य शब्दावली* : बौद्धिक जनशक्ति, प्रभुत्व वर्ग, शैक्षिक गुणस्तर, श्रमबजार, सीमान्त वर्ग


*Copyright (c) 2025: Author(s). Published by Gaurishankar Campus*

## पृष्ठभूमि

स्थानीय समुदायको सक्रियता र सहयोगमा सञ्चालित सामुदायिक क्याम्पसलाई विश्वविद्यालयले सम्बन्धन दिए पनि स्थानीय समुदायकै स्वामित्व प्रदान गरेको हुन्छ । नेपालमा उच्च शैक्षिक निकायका रूपमा आङ्गिक, सामुदायिक र निजी गरी तीन प्रकृतिका संस्था बढी सक्रिय देखिन्छन् । यसमध्ये सामुदायिक क्याम्पसले शैक्षिक विकेन्द्रीकरणको चिन्तनमा रहेर स्थानीय बासिन्दा, सामाजिक अगुवा, बौद्धिक वर्ग, शिक्षाप्रेमी नागरिक तथा अगुवा, स्थानीय सरकारलगायतका सरोकारवालासँग हातेमालो गर्छ । यद्यपि, उच्च शिक्षामा स्थानीय, राष्ट्रिय र विश्वव्यापी (ग्लोनाकल) विचारको सम्मिश्रण आवश्यक हुन्छ । यसमा अनुसन्धानमुखी विश्वव्यापी व्यवसायिक विकास, जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनका उपायको खोजी, समाज परिवर्तनमा शैक्षिक व्यक्तित्वको भूमिका हुनुपर्छ (चान्कसेलियानी, कोराबोएभ र गेम्रानोभा, सन् २०२१) । यी सन्दर्भमा विश्वविद्यालयबाट गुणस्तर प्रत्यायनकृत भएका क्याम्पसहरूले बढी ध्यान दिएको देखिन्छ। यस्ता क्याम्पसहरूले अन्य क्याम्पसका तुलनामा शैक्षिक रूपान्तरण र समाज रूपान्तरणमा जोडिएको देखिन्छ।

सामुदायिक क्याम्पसको मुख्य उद्देश्य नाफा कमाउने नभएर स्थानीय स्तरमा शिक्षाको पहुँच विस्तार गर्नु हो । आर्थिक, सामाजिक तथा भौगोलिक कारणले पछाडि परेका सीमान्त अर्थात् अतिविपन्न वर्गलाई उच्च शिक्षाको अवसर दिने उद्देश्यले सामुदायिक क्याम्पस स्थापना भएका देखिन्छन् । तथापि, सामुदायिक क्याम्पसहरूले थोरै विद्यार्थी, क्याम्पस छोड्ने विद्यार्थीको उच्च दर, स्थायी कोषको अभाव र कमजोर वित्तीय स्थिति, समुदाय र विद्यार्थीको चासो घटिरहेको परिस्थिति, शिक्षकको स्रोतको दिगोपनको अभावजस्ता समस्यालाई भेलिरहेका छन् (चिमरिया, २०२४, पृ. २) । समाजका विपन्न, दमित, पहुँच कमजोर भएका विद्यार्थी र अभिभावकहरूले यस्ता क्याम्पसबाट लाभ लिएका हुन्छन् । उच्च शिक्षाले परिवर्तनकारी चिन्तनका साथ मानव अधिकार संरक्षण, क्षमता विकास र समतामूलक समाज निर्माणको जग बसाई विश्वव्यापी नैतिक मूल्य प्रवर्द्धन गर्ने विश्वदृष्टिकोण तय गर्नुपर्छ (चान्कसेलियानी, कोराबोएभ र गेम्रानोभा, सन् २०२१) । वास्तवमा अवसर नपाएका पिछडिएका क्षेत्रका बालबालिका सुरुबाटै वञ्चित हुन्छन् र गरिबी पुस्तान्तरण भइरहन्छ । यसर्थ यो समस्या सुधारमा सामुदायिक क्याम्पसको रचनात्मक भूमिका बढी सार्थक देखिन्छ। यद्यपि विद्यार्थीको शुल्क र दाताहरूको अनुदानमा टिकेर गुणस्तरीय शिक्षाको माग पूर्ति गर्ने प्रतिस्पर्धासँग यस्ता क्याम्पसहरू जुधिरहेको छन्। सामुदायिक क्याम्पसले स्थानीय जनशक्ति तयार पारेर स्थानीय शिक्षक, अभिभावक, सहकारी, उद्योग, समाजसेवीहरूसँग रहेर सामाजिक उत्तरदायित्वका साथ सार्वजनिक निगरानीको चेतना अभिवृद्धि गरिरहेको हुन्छ। यी सन्दर्भलाई सरकार, सरोकारवाला र जिम्मेवार निकायले हेक्का राखी नीति र योजना बनाउनु अत्यावश्यक देखिन्छ।

नेपालका सामुदायिक क्याम्पसहरूले विशेष गरी दूर दराजका ग्रामीण क्षेत्रमा उच्च शिक्षा सुनिश्चित गर्न भूमिका खेलेका छन्। यिनले वञ्चित समूह र सेवा नपुगेका समुदायमा उच्च शिक्षाको पहुँच विस्तार गरेका छन् (चिमरिया, सन् २०२४, पृ. ८)। केवल सहरी क्षेत्र र पहुँचयोग्य सुविधासम्पन्न क्षेत्रमा मात्रै यस्ता क्याम्पसहरू सीमित छैनन् । यसबाट गाउँगाउँमा उच्च शिक्षाको पहुँच विस्तार भई नेपालको बौद्धिक र प्राज्ञिक मानव पुँजी विकास र विस्तार सम्भव भएको छ । गैरनाफामूलक अर्थात् सेवाप्रदायक संस्थाका रूपमा यस्ता क्याम्पसहरूले आर्थिक अभाव, विद्यार्थी अभाव, सरकारी अपनत्वको अभावलगायतका अनेकन अभावसँग जुध्नुपर्ने बाध्यता छ। राजनीतिक खिचातानीको चेपुवामा परेर समुदायको अपनत्वमा सञ्चालन भएका सामुदायिक क्याम्पसलाई समुदायबाटै असहयोग हुने गर्छ । यसर्थ नेपालका सामुदायिक क्याम्पसका यस्ता अनेकन समस्यालाई निर्क्योल गरी समाधानका आधारलाई खुट्याउनु आवश्यक देखिन्छ । बदलिँदो बौद्धिक चिन्तन तथा उच्चस्तरीय गुणस्तरको मागलाई सम्बोधन गर्न यस्ता क्याम्पसले आर्थिक, शैक्षिक, प्रशासनिक, भौगोलिक, सामाजिक क्षेत्रका तमाम समस्यासँग जुध्नुपर्ने बाध्यता भएकाले नेपालमा नीति र कानुनी आधार पनि समयानुकूल हुनुपर्ने तथ्यलाई केलाउनुपर्ने देखिन्छ । संविधानतः नेपालको उच्च शिक्षाको विकास र विस्तारमा सामुदायिक क्याम्पसको भूमिकालाई केलाउनु आवश्यक छ । यसर्थ यस अध्ययनमा सामुदायिक क्याम्पसका लागि नीति र अभ्यासको तालमेल, नेपालमा सामुदायिक क्याम्पसको विकास र आजको अवस्था तथा गुणस्तर सुधारका सवालमा


सामुदायिक क्याम्पसको योगदानका विषयमा चर्चा गरिएको छ । साथै यी मूल बुँदामा विशेषतः उच्च शिक्षा सुधारका सन्दर्भमा समाज रूपान्तरण र शैक्षिक जागरणका पक्षलाई समेत केलाइएको छ।

## अध्ययन विधि र प्रक्रिया

प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धान प्रक्रियाअन्तर्गत आगमनात्मक विधिमा आधारित छ । यसमा उद्देश्यमूलक नमुना छनोटका रूपमा जनज्योति बहुमुखी क्याम्पस, लालबन्दी, सर्लाहीका पूर्वक्याम्पस प्रमुख तथा दुई जना प्राध्यापकसँगको अनौपचारिक वार्तालापलाई प्राथमिक स्रोत सामग्रीका रूपमा समावेश गरिएको छ। यस लेखमा क्रमशः तीन जनालाई 'सहभागी एक', 'सहभागी दुई' र 'सहभागी तीन' भनी सङ्केत गरिएको छ। त्यस्तै स्नातक तह तेस्रो वर्षका तीन जना विद्यार्थीको यस लेखसँग सान्दर्भिक सूक्ष्म विषयवस्तुलाई विद्यार्थी एक, दुई र तीन भनी समावेश गरिएको छ। यसका साथै द्वितीयक स्रोत सामग्रीका माध्यमबाट समीक्षात्मक चर्चा गरिएकाले यो अध्ययन सैद्धान्तिक व्याख्या विश्लेषणात्मक समीक्षामा आधारित छ । यस अध्ययनमा निम्न तीन आधारमा सामुदायिक क्याम्पसका बाध्यताको निर्क्योल गरी यो अवधारणात्मक ढाँचाअनुरूप समीक्षा गरिएको छ :

**चित्र १**

**अध्ययन रूपरेख**




स्रोत : समीक्षा ढाँचा, २०८२

यस अध्ययनमा उल्लिखित तीनओटा विषय क्षेत्रलाई पूर्वअध्ययन सामग्री तथा प्राथमिक स्रोतबाट प्राप्त तथ्यका आधारमा समीक्षा गरिएको छ । यसमा सामुदायिक क्याम्पसहरूमध्ये मधेश प्रदेशकै क्याम्पसका समस्यालाई निर्क्योल गरी विश्लेषण गरिएको छ।

## नीति र अभ्यासमा तालमेल

### *संविधान र उच्च शिक्षा*

नेपालको संविधान २०७२ को भाग ४ धारा ५१ को राज्यका नीतिहरूमध्ये (ज) अन्तर्गत 'नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति' को दफा (३) मा 'उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने' भन्ने विषय समावेश छ। यसले शैक्षिक विकेन्द्रीकरणको अवधारणा र उच्च शिक्षाको पहुँचको सन्दर्भलाई प्रस्ट्याएको छ। संविधानको अनुसूची ५ मा केन्द्रीय विश्वविद्यालय तथा यिनको मापदण्ड र नियमनको विषयलाई समावेश गरिएको छ । अनुसूची ६ मा प्रदेशको अधिकारभित्र 'प्रदेश विश्वविद्यालय र उच्च शिक्षा' को सन्दर्भ समावेश छ । अर्कोतिर धारा ५७ को उपधारा ४, धारा २१४ को उपधारा २, धारा २२१ को उपधारा २ र धारा २२६ को उपधारा १ बमोजिम अनुसूची ८ मा स्थानीय तहको अधिकार सूचीमा आधारभूत र माध्यमिक शिक्षालाई स्पष्ट रूपमा उल्लेख गरेको छ । संविधानको अनुसूची ९ मा सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीभित्र 'शिक्षा, खेलकुद र पत्रपत्रिका' को विषय राखिनु एउटा साङ्केतिक आधार मात्रै हो । यसमा पनि सामुदायिक क्याम्पसलाई हेर्नुपर्ने जिम्मेवारीको सन्दर्भ प्रस्ट छैन । यो अल्पसङ्केतले उच्च शिक्षा र स्थानीय तहको दायित्वलाई प्रस्ट रूपमा सम्बोधन गर्न सक्दैन । यसर्थ शैक्षिक विकासको खुलस्त नीति निर्माणमा हुनु आवश्यक देखिन्छ । हालको सन्दर्भमा भने अनुसूची ६ बमोजिम प्रदेशले सामुदायिक क्याम्पसलाई अभिभावकत्व प्रदान गर्दै स्थायित्वको बाटोमा ध्यान दिनु नियमसम्मत हुने देखिन्छ।

***स्थानीय सरकार सञ्चालन ऐन–२०७४***

स्थानीय सरकार सञ्चालन ऐन–२०७४ मा गाउँपालिका तथा नगरपालिकाको कार्याधिकारभित्र उच्च शिक्षाको विकास र समन्वयको सन्दर्भ स्पष्ट छैन। प्रदेश र गाउँपालिका वा नगरपालिकाको साझा अधिकारको सूचीभित्र पनि स्थानीय क्षेत्रमा सञ्चालित उच्च शिक्षामा अनुदान वा सहयोग गर्नुपर्छ भन्ने विषय समावेश भएको देखिँदैन। यसर्थ स्थानीय सरकारले उच्च शैक्षिक निकायसँग हातेमालो गर्ने, अनुसन्धान गराउने, बौद्धिक सहयोग लिने विषय यहाँ पनि समावेश गर्नुपर्ने देखिन्छ। यद्यपि स्थानीय क्षेत्रकै अपनत्व र विकासका सवालमा रहेर कतिपय स्थानीय सरकारले उच्च शिक्षाका लागि गरेको लगानीलाई कानुनी आधार प्रदान गर्नु बढी सान्दर्भिक र व्यावहारिक हुने देखिन्छ।

***राष्ट्रिय शिक्षा नीति २०७६ र राष्ट्रिय लक्ष्य***

राष्ट्रिय शिक्षा नीति २०७६ को दफा ९.१२ मा पनि 'गुणस्तरीय मान्यता तथा अन्तर्राष्ट्रिय स्तरको सान्दर्भिक उच्च शिक्षा' भन्ने सन्दर्भ प्रस्तुत छ। यसर्थ संवैधानिक अपेक्षा र उच्च शिक्षा नीतिको लक्ष्यमा सामुदायिक क्याम्पसलाई व्यवस्थित बनाउन प्रदेशले नै मुख्य भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ। किनभने, सोह्रौँ पञ्चवर्षीय योजना (आ.व. २०८१/०८२–२०८५/०८६) मा वि.सं. २१०० सम्ममा नेपालमा 'समृद्ध नेपाल, सुखी नेपाली' को दीर्घकालीन राष्ट्रिय लक्ष्य पूरा गर्ने अपेक्षा गरिएको छ। यस योजनामा समृद्धिका ४ र सुखका ६ ओटा राष्ट्रिय लक्ष्य निर्धारण गरिएको छ। उक्त लक्ष्यमा आधारित भई वि.सं. २०८३ (सन् २०२६) सम्ममा नेपाललाई अतिकम विकसित मुलुकबाट विकासशील देश बनाउने र वि.सं. २०८७ (सन् २०३०) सम्ममा दिगो विकासका लक्ष्यहरू हासिल गर्दै मध्यम आय भएको मुलुक बनाउने अपेक्षा गरिएको छ। यी दस्ताबेजका लक्ष्यलाई पूरा गर्ने कुरामा प्रत्यक्ष वा परोक्ष रूपले सामुदायिक क्याम्पसहरू सामाजिक रूपान्तरणका संवाहक बनिरहेका सन्दर्भलाई सङ्घीय सरकार र प्रदेश सरकारले जिम्मेवारी लिई स्थानीय सरकारलाई पनि आफ्नो हक बाँढ्ने रणनीति तय गर्नुपर्ने देखिन्छ। किनभने, सामुदायिक क्याम्पस स्थानीय तहसँग प्रत्यक्ष रूपमा जोडिन्छन्। यद्यपि तहगत उच्चताका आधारमा उच्च शिक्षामा विद्यालयीय शिक्षामा जसरी स्थानीय सरकारको हस्तक्षेपकारी भूमिका भने ग्राह्य र पाच्य हुँदैन। वास्तवमा राजनीतिक दाउपेचको लडाइँका कारण विद्यालयहरूमा बसौँसम्म व्यवस्थापन समिति नबनेका तथ्यलाई हेर्दा कतिपय स्थानीय सरकारले आफ्नो स्वार्थ साँधेको कुरा पुष्टि हुन्छ। एउटा दृष्टान्तलाई हेर्दा २०७९ सालको तथ्याङ्कअनुसार १८.५ प्रतिशत विद्यालयमा व्यवस्थापन समिति बन्न सकेन। अझ मधेश प्रदेशमा त ५५.३ प्रतिशत विद्यालयमा समिति नबनेको (मल्ल, २०८१) तथ्य प्रस्तुत छ। अतः शिक्षामा राजनीतिले अतिप्रवेश पाउँदा शैक्षिक निकाय नै कमजोर रहने देखिन्छ।

***मधेश प्रदेश सरकारको नीति तथा कार्यक्रम २०८१/०८२***

यो दस्ताबेजको १५२ औँ बुँदामा सामुदायिक क्याम्पसहरूको संस्थागत सुदृढीकरण गर्ने नीतिसहित प्राविधिक तथा व्यावसायिक शिक्षा, विज्ञान प्रविधिको विकास, अनुसन्धान, नवप्रवर्तन र विकास गर्न कानुनी र संस्थागत विकास गर्ने तथा मधेश प्रदेशका जिल्लाहरूमा खुला शैक्षिक पार्क तयार पार्ने नीति रहेको कुरा उल्लेख थियो। यद्यपि यी विषयलाई देखिने र भोगिने गरी व्यहृत तुल्याएको भने पाइँदैन अर्थात् प्राविधिक विषयबाहेकका अन्य विषय पढाइ हुने सामुदायिक क्याम्पसको महत्तालाई प्रदेश सरकारले ध्यान पुऱ्याउनु आवश्यक देखिएको छ। त्यसमा पनि विभेदकारीभन्दा पनि संयोजनकारी नीतिसहित संस्थागत स्थायित्व प्रदान गर्नुपर्ने देखिन्छ।

***विकास र शिक्षाका लक्ष्य***

सहस्राब्दी विकासको सापेक्षतामा अन्तर्राष्ट्रिय स्तरबाट साझा विकासका उद्देश्यका रूपमा दिगो विकासका लक्ष्यहरू निर्धारित छन्। यसमा सन् २०२२ लाई अतिकम विकसित राष्ट्रबाट स्तरोन्नति हुने अपेक्षित वर्ष मानिएको थियो तर यसले व्यावहारिकता पाएको भने देखिँदैन। त्यस्तै सन् २०२५ लाई तीव्र गतिको विकासका निम्ति अनुकूल बिन्दु मानिएको देखिन्छ तर नेपालका सन्दर्भमा राजनीतिक अस्थिरता र शिक्षाप्रतिको अद्यापि कमजोर देखिन्छ। किनभने, विद्यालय शिक्षा विधेयक पारितमा ढिलाइ, उच्च शिक्षाको नियमनकारी नीति व्यवस्थित हुन नसक्नुजस्ता थुप्रै अन्योलको परिस्थिति बल्ल सुधारको बाटोमा देखिन्छ। यसर्थ सन् २०३० सम्ममा नेपाललाई न्यायपूर्ण तथा समृद्ध मुलुक बनाउने परिकल्पना गरिएकाले (राष्ट्रिय योजना आयोग, सन् २०१७) उच्च शिक्षा नीति र नियमन दिगो र प्रभावकारी हुनु आवश्यक देखिन्छ। नीति, नियम र योजनालाई हेर्दा दिगो विकासको लक्ष्य नं. ४ मा

सन् २०३० सम्म सबै नागरिकलाई सिपयुक्त र जीवनपर्यन्त शिक्षाको अवसर सुनिश्चित गर्ने भनिएको छ । यद्यपि नेपालमा विश्वव्यापी कोरोना महामारी, वि.सं. २०७२ र त्यसपछिका भूकम्पीय क्षति, ठूलो क्षति गराउने प्रकृतिका बाढी, पहिरो र डुबानलगायतका प्राकृतिक विपत्का साथै स्वार्थपूर्ण गठजोडको सरकार बन्ने र ढल्ने गरेको राजनीतिक अस्थिरताले यी तमाम लक्ष्यमा प्रत्यक्ष रूपले प्रभाव पारेको देखिन्छ (भट्टराई, २०८१, पृ. ६६)। यस सन्दर्भमा सहभागी दुईको धारणा यस्तो रहेको छ :

> मधेशमा जनसङ्ख्या त धेरै छ... अन्तको हेर्नु न, तर के गर्नु राजनीतिक कुरो नै अप्ठ्यारो छ। सामुदायिक क्याम्पसबाट मधेश सरकारले चाहने हो भने आफ्नो आवश्यकताअनुसार सिपयुक्त मान्छे उत्पादन गर्न पनि सक्छ । लगानी गर्नुपर्‍यो नि । यहाँ त बोल्ने मञ्च पाउँदा यसो कुरो मिलाएर मान्छे लट्ठ पार्ने मात्रै हुन्, काम छैन...।

अर्कोतिर विद्यालय क्षेत्र विकास योजना (२०७३–२०८०) ले पनि नेपाललाई वि.सं. २०७९ (सन् २०२२) सम्ममा अल्पविकसित राष्ट्रको स्तरबाट विकासशील राष्ट्रमा स्तरोन्नति गर्ने लक्ष्य राखेको थियो भने वि.सं. २०८७ (सन् २०३०) सम्ममा मध्यम आय भएको मुलुकको स्तरमा रूपान्तरण गर्न आवश्यक जनशक्ति उत्पादन गर्ने अपेक्षा राखेको छ (शिक्षा मन्त्रालय, २०७३, पृ. घ)। त्यस्तै विश्व शिक्षा मञ्चको इन्चोन घोषणा र सन् २०३० एजेन्डाको विश्वव्यापी घोषणासँग नेपालले गरेको प्रतिबद्धताप्रति पनि विद्यालय क्षेत्र विकास योजनाले तादात्म्यता राख्छ (शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०७६, पृ. ७) । यसर्थ स्थानीय सरकारले विद्यालयीय शिक्षामा मात्रै ध्यान दिएर यस्ता बृहत् योजनालाई साकार पार्न सक्दैन। वास्तवमा यस्ता नीति र योजनालाई पूरा गर्ने आधारसहित कार्यान्वयन पक्ष अब्बल हुनु आवश्यक छ। नेपालको विकासको गतिलाई हेर्दा विगत ६ दशक लामो योजना विकासको अभियानमा ९ ओटा पञ्चवर्षीय र ५ ओटा त्रि–वर्षीय योजना कार्यान्वयन भएका छन्। यस क्रममा निरपेक्ष गरिबीमा उल्लेख्य रूपमा कमी आएको भनिए पनि जनसङ्ख्याको ठूलो हिस्सा गरिबीको रेखामुनि रहेको छ। साथै स्वदेशमा रोजगारीको अभावले विदेशिने क्रम यथावत छ (राष्ट्रिय योजना आयोग, २०७६, पृ. ३)। वास्तवमा नेपालमा निकै प्रभावकारी नीति र योजना बने पनि कार्यान्वयन पक्ष फितलो देखिन्छ। यसमा उच्च शिक्षासँग सहकार्य गर्ने रणनीति बनाउँदा स्थानीय तहबाटै गरिबी न्यूनीकरणसहितको समृद्धिको ढोका खोल्ने गरी आङ्गिक वा सामुदायिक क्याम्पसको जनशक्तिलाई उपयोग गर्ने पद्धतिको विकास गर्नु आवश्यक हुन्छ। फलतः सामाजिक रूपान्तरण, जनचेतना विकास तथा ग्रामीण विकासका आधारहरू सुनिश्चित हुने देखिन्छ।

## नेपालमा सामुदायिक क्याम्पसको विकास र आजको अवस्था

उच्च शिक्षाको विकास र विस्तारको इतिहास एक शताब्दीकै समयभित्र छ । नेपालमा वि.सं. १९६९ मा कलकत्ता विश्वविद्यालयबाट सम्बन्धन लिएर हालको त्रिचन्द्र क्याम्पस (त्रिभुवन चन्द्र इन्टरमिडिएट कलेज) को स्थापना भएको देखिन्छ । इतिहासलाई हेर्दा भारतका कलकत्ता विश्वविद्यालय र पटना विश्वविद्यालयबाट सम्बन्धन लिएर नेपालमा ६ ओटा सरकारी क्याम्पस र ३८ ओटा सम्बन्धन प्राप्त क्याम्पसहरू सञ्चालन भएका थिए।

विश्व परिवेशलाई नियाल्दा १९ औँ शताब्दीबाट आर्थिक, सामाजिक, सांस्कृतिक, राजनैतिक तथा प्राविधिक क्षेत्रमा विश्वव्यापीकरणको प्रभाव बढेपछि उच्च शिक्षाका सवालहरू अलिक पेचिला बने । उच्च शिक्षाले परिमाणात्मक परिणाम दिनेभन्दा गुणात्मक परिवर्तनलाई मार्गदर्शन गराउँछ । यद्यपि सन् १९०७ सम्म विकासको अर्थ आर्थिक समुन्नति भन्ने मात्रै थियो । पछि सन् १९७० पश्चात् मात्रै विकासको अर्थभित्र सामाजिक, सांस्कृतिक, लैङ्गिक, शैक्षिक, वातावरणीय आदि क्षेत्रसमेत समेटिए । त्यसमा पनि बिलफ्रेदो परेतो (सन् १९२७) ले इटलीमा २० प्रतिशत व्यक्तिसँग ८० प्रतिशत सम्पत्तिको स्वामित्व रहेको छ (आचार्य, २०७६, पृ. १८) भन्ने कुरा अघि सारेको देखिन्छ । यसर्थ विकासका अर्थभित्र जीवन निर्वाह, आत्मसम्मान र स्वतन्त्रता पनि जोडिन पुगेको देखिन्छ।

नेपालमा औपचारिक रूपमा वि.सं. १९७५ बाट उच्च शिक्षाको पठनपाठन प्रारम्भ भएको देखिन्छ। आज शिक्षामा व्यापार बढ्न थालेको विज्ञको निष्कर्ष छ । विपन्न अर्थात् सीमान्तकृत (सबाल्टर्न) वर्गले पढ्ने र सम्पन्न (प्रभुत्व) वर्गले पढ्ने क्याम्पस र विषय नै फरक–फरक भएका छन् (भट्टराई, २०८१)। औपचारिक रूपमा पठनपाठन भएको चार दशकपछि वि.सं. २०१६ सालमा

मात्रै त्रिभुवन विश्वविद्यालयको स्थापना भएको इतिहास अनि राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०११ को पृष्ठभूमिलाई हेर्दा नेपालमा उच्च शिक्षाको पहुँच विस्तारको प्रारम्भबाटै कठिनाइ थियो । विशेष गरी वि.सं. २०१६ देखि वि.सं.२०२८ सम्म त्रिभुवन विश्वविद्यालयले दिने सम्बन्धन प्राप्त क्याम्पसको सन्दर्भमा अन्योल देखिन्छ । वि.सं. २०२८ को राष्ट्रिय शिक्षा पद्रति योजना लागु भएपछि वि.सं. २०३० सालमा समुदायद्वारा सञ्चालित अमृत साइन्स कलेज, काठमाडौँ; शङ्करदेव कलेज, काठमाडौँ; रामसागर स्वरूप कलेज, जनकपुर; ठाकुरराम कलेज, विरगन्जजस्ता क्याम्पसहरूलाई त्रिभुवन विश्वविद्यालयका आङ्गिक क्याम्पस (Constituent Campus) का रूपमा रूपान्तरण गरिएको पाइन्छ (शर्मा, पृ. १) । इतिहासलाई हेर्दा त्रिविमा विद्यार्थीको चाप बढ्दै गएपछि वि. सं. २०३७ सालमा मात्रै समुदायको अपनत्व रहने गरी देशका विभिन्न ठाउँमा सामुदायिक तथा निजी क्याम्पस खोल्ने स्वीकृति प्रदान गरेको देखिन्छ (शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०७५, पृ. २२)। वर्तमान सन्दर्भमा यस विषयमा पुनर्विचार गरेर गुणस्तर सुधार र आवश्यकताको अध्ययन अत्यावश्यक छ।

शैक्षिक रूपान्तरणका सन्दर्भमा शिक्षालाई निजीकरण गर्न थालियो भने हुँदा खाने वर्ग सधैँ पछाडि परिरहन्छ । यसको अर्थ पुँजीपति वर्गका बालबालिकाको क्षमतालाई निरुत्साहित गर्ने नभएर शिक्षा सबैको पहुँचमा हुनुपर्छ । कम्बोडियामा फ्रान्सेली उपनिवेशकालदेखि आधुनिक शिक्षाको सुरुवात भएको देखिन्छ। यहाँ प्रिन्स सिहानुकको शासनकाल (सन् १९५३–१९७०) लाई उच्च शिक्षाको स्वर्णकाल मानिन्छ। यो समयमा यहाँ धेरै विश्वविद्यालयहरू खोलिए, शैक्षिक संरचना निर्माण भए। यस विपरीत खमेर रिपब्लिक र खमेर रुज शासन (सन् १९७०–१९७९) को समयमा युद्ध, नरसंहार र राजनीतिक उथलपुथलले शैक्षिक संरचनालाई ध्वस्त बनायो । सन् १९७९ पछि भियतनामी प्रभावमा शिक्षा पुनःनिर्माणको थालनी त भयो तर समाजवादी राजनीतिक विचारधाराले शिक्षालाई सीमित दायरामा राख्यो । सन् १९९८ पछि त्यहाँ उच्च शिक्षामा विस्तार भए पनि गुणस्तर, स्वतन्त्रता, शैक्षिक योग्यता र वित्तीय स्रोतको अभावलाई अझै पनि गम्भीर समस्याका रूपमा अपनाइरहेका छन् । यहाँ शैक्षिक स्वतन्त्रता, वित्तीय स्रोत, भर्ना मापदण्ड, मानव संशाधनसहित शिक्षाको गुणस्तर सुधारको समस्या अद्यापि देखिन्छ (साम, जमिल र एम. जैन, सन् २०२४) । यसर्थ समाजको अपनत्व हुने गरी सरकारले नै उच्च शिक्षामा विभेदलाई हटाएर समानताको नीति ल्याउनुपर्ने देखिन्छ। यसो भएमा सन् १९४८ डिसेम्बर १० मा घोषणा भएको मानव अधिकारको विश्वव्यापी घोषणापत्रको शिक्षाको अधिकारलाई सुनिश्चित गर्ने कुरा सम्भव हुन्छ। यस सवालमा हुनेखानेले पढ्ने र हुँदाखानेले पढ्ने क्याम्पस अर्थात् उच्च शिक्षाको खाडल पुर्ने स्पष्ट नीति चाहिन्छ । अर्कोतिर पढ्दै कमाउँदै गर्ने वातावरण पनि सँगसँगै चाहिन्छ। वास्तवमा राजनीतिक अस्थिरता र अल्पज्ञ चिन्तनले शिक्षालाई पछाडि धकेल्छ। कम्बोडियामा खमेर रुजको शासन काल (सन् १९७५–१९७९) मा चरम कम्युनिस्ट विचारधारामा आधारित शैक्षिक नीतिसहित 'काम प्रधान, अध्ययन गौण' भन्ने नीति नै बन्यो । उक्त समयमा ७५ प्रतिशत शिक्षक र ९६ प्रतिशत विश्वविद्यालयका कतिपय विद्यार्थीहरूलाई हत्या गरिएको पनि भन्ने गरिन्छ तर भियतनामी शासन (सन् १९७९–१९९१) मा समाजवादी नवीन शैक्षिक संरचनामा महिलालाई उच्च शिक्षा दिनेसम्मका चिन्तन विकसित भए (साम, जमिल र एम. जैन, सन् २०२४, पृ. २३०–२३२) । यसर्थ रोजगारीको अवसर र शिक्षाबिचको सम्बन्ध जोड्नु नै अहिलेको मुख्य चासोको विषय हो । उद्यमशीलताका सवाललाई व्यवहृत तुल्याउने शैक्षिक रणनीति वर्तमान समयको सबैभन्दा बढी अपेक्षित सवाल हो। यस सन्दर्भमा सहभागी तीनको धारणा यसप्रकार रहेको छ :

> यहाँका मान्छेलाई सिपयुक्त बन्ने होइन, सर्टिफिकेट चाहिएको छ । सिपका कुरा त पछि चाहिए सिक्ने नत्र छँदै छ । चलेगा जैसा चलेगा । हामी जतिसुकै क्वालिटीका कुरा गरौँ, काम छैन । यहाँ त कसले चिट चोर्न दिन्छ र कसरी सर्टिफिकेट सजिलै पाइन्छ भन्ने चिन्तन हाबी भइसकेको छ । यो हाई वेका छेउतिरकासम्म त ठिकै होलान्, भित्र पस्न थाल्ने हो भने धेरै क्याम्पसमा परीक्षा र विश्वसनीयताको मर्यादामा नै समस्या छ। के कुरा गर्नु, यी हाम्रा कुरा पनि गफ गर्ने कुरा मात्रै हुन् जस्तो लाग्छ।

धेरैजसो सामुदायिक क्याम्पसले विशेषतः वित्तीय समस्याका कारण बसौँसम्म पनि शिक्षकलाई तलब दिन

सकिरहेका छैनन्। परिणामतः उनीहरूले स्थायी शिक्षकभन्दा पनि विद्यालयमा अध्यापन गर्ने शिक्षकलाई आंशिक रूपमा उपयोग गरेर जसोतसो क्याम्पस चलाएको देखिन्छ । यसो गर्दा उच्च शिक्षाको प्रभावकारिता र गुणस्तरसमेत सङ्कटमा पर्दै गएको देखिन्छ (भट्टराई, २०८१) । वि.सं. २०३७ सालदेखि २०४६ सालसम्म सरकारले सामुदायिक क्याम्पसहरूलाई सहयोग गर्ने परिस्थिति बनेको देखिँदैन । वि.सं. २०४७ सालमा 'नेपाल पब्लिक क्याम्पस सङ्घ' स्थापना भयो । उक्त सङ्घकै पहलमा वि.सं. २०४७ सालको अन्तरिम सरकारका पालामा एक करोडको बजेट छुट्याएर सामुदायिक क्याम्पसलाई अनुदान दिने कार्यको थालनी गरेको देखिन्छ। यद्यपि वर्तमान सन्दर्भमा अपर्याप्त सरकारी अनुदानमा अधिकांश क्याम्पसहरू आर्थिक सङ्कट झेलिरहेका छन्।

उल्लिखित आधारमा रहेर समीक्षा गर्दा उच्च शिक्षालाई विश्वसनीय एवम् प्रतिस्पर्धात्मक बनाउन प्रभावकारी उच्च शिक्षा नीति, सोको कार्यान्वयन तथा नियमन आवश्यक देखिन्छ। यसको अभ्यासमा समुदायको अपनत्व पनि रहने र आफ्नै क्षेत्रमा बसेर गुणस्तरीय शिक्षा प्राप्त गर्न पाउने आधारलाई सामुदायिक क्याम्पसले सम्भव तुल्याउँछ । विशेषतः सामुदायिक क्याम्पसमा वित्तीय अभावको समाधान, शिक्षण विधिमा नवप्रवर्तन, सुशासनको सुदृढीकरण तथा सरकार, शैक्षिक संस्था, स्थानीय सरकार र निजी क्षेत्रबिचको सहकार्य भएमा शैक्षिक गुणस्तर सुधारका साथै समान शैक्षिक पहुँच सुनिश्चित गर्ने राष्ट्रिय विकासको लक्ष्यमा सघाउ पुग्छ (चिमरिया, २०२४, पृ. ८)। वास्तवमा सामुदायिक क्याम्पसलाई शिक्षक तथा कर्मचारीलाई तलब खुवाउनै हम्मेहम्मे पर्ने अवस्थामा सुधार आवश्यक छ। यस सन्दर्भमा सहभागी एकको धारणा यस्तो रहेको छ :

> सामुदायिक क्याम्पसलाई समाजले अपनत्व लिने भन्दा पनि स्थानीय नेताले भाषण गर्ने थलो बनाएका छन् । समुदायले सरकारी क्याम्पसै हो जसरी छोराछोरीलाई सुविधैसुविधा दिनुपर्छ भन्ने ठान्छन् । हामी त समुदाय र नेताको बुझाइको चेपुवामा उच्च शिक्षा दिइरहेको छौँ । अर्कोतिर त्रिविले पनि हरेक कुरामा हामीलाई आम्दानीको स्रोत मान्छ । दुहुनो गाईजस्तो ठान्छ तर हाम्रो बाध्यतालाई कसले बुझ्ने ? स्थानीय सरकारले पनि आफ्नो जिम्मेवारीभित्र नभए पनि हामीले सहयोग गरिरहेका छौँ भन्छ, विद्यार्थीको फिले टिचरलाई चार महिना पनि तलब ख्वाउन पुग्दैन ।

नेपालका धेरै सामुदायिक क्याम्पसले विद्यार्थीको आम्दानीबाट क्याम्पसको खर्च धान्नै सक्दैनन् । त्रिभुवन विश्वविद्यालयका पाँच सयभन्दा बढी सामुदायिक क्याम्पसलाई प्रभावकारी रूपमा सञ्चालन गरी सुरक्षित र व्यवस्थित तुल्याउनु आवश्यक छ। यस्ता क्याम्पसमा पूर्णकालीन शिक्षकहरूको कमी हुँदा दिउँसो सामुदायिक विद्यालयमा पढाउने आंशिक शिक्षकबाटै जेनतेन कक्षा सञ्चालन हुने अवस्था छ । वास्तवमा उच्च शिक्षाको प्रभावकारी संयोजनबाट मात्रै राज्यका लागि प्राज्ञिक, बौद्धिक र चिन्तनशील दक्ष नागरिक तयार पार्ने कुरा सम्भव हुन्छ । यसर्थ भौतिक, शैक्षिक तथा प्रशासनिक स्थिति नै कमजोर भएका कारण भर्ना भएका विद्यार्थीहरू पनि नियमित क्याम्पसमा आउने अवस्था रहन्न।

***विद्यार्थी सङ्ख्या र भूमिका***

यसै सन्दर्भमा विश्वविद्यालय अनुदान आयोगको वार्षिक प्रतिवेदन सन् २०२३/०२४ मा प्रस्तुत विवरणलाई हेर्दा त्रिभुवन विश्वविद्यालयअन्तर्गतका १ हजार १ सय १५ ओटा शैक्षिक शाखामध्ये ५ सय ३६ ओटा सामुदायिक क्याम्पस रहेका छन् । यी क्याम्पसमा २ लाख २ हजार ४ सय ६२ जना विद्यार्थीहरू पढ्छन्। यसरी नै नेपाल संस्कृत विश्वविद्यालय ३ ओटा सामुदायिक क्याम्पसमा १ सय ८७ जना विद्यार्थी पढाएको देखिन्छ। पोखरा विश्वविद्यालयका ४ ओटा सामुदायिक क्याम्पसले १ हजार ५ सय ८० जना विद्यार्थीलाई पढाएको देखिन्छ । यसर्थ नेपालमा जम्मा ५ सय ४५ ओटा सामुदायिक क्याम्पसमा २ लाख ४ हजार २ सय २९ जना विद्यार्थी लाभान्वित रहेको देखिन्छ। नेपालका ६ लाख ३३ हजार ५३ जना विद्यार्थीमध्ये सामुदायिक क्याम्पसले ओगटेको ३२.२६ प्रतिशतको यो हिस्सालाई उच्च शिक्षा सम्बद्ध निकायले नीति र योजनामा समेट्नु अपरिहार्य देखिन्छ। हाल मुलुकमा विभिन्न २४ ओटा उच्च शैक्षिक निकायले विभिन्न तौरतरिकामा प्रदान गरिरहेको उच्च शिक्षामा सामुदायिक क्याम्पसको योगदानलाई सम्बन्धन दाता तथा सरोकार निकायको स्पष्ट आधारसहितको सहायता आवश्यक छ।

***विश्वबजार र शिक्षा***

विश्वव्यापीकरण(भूमण्डलीकरण)कोअवधारणालाई स्थानीयकरणमा जोड्ने आधार नभएकाले स्थानीय सुधारको अवसरलाई राजनीतिकरण गर्नु सबैभन्दा ठूलो कमजोरी हो । नवउदारवादभित्र आधुनिकीकरण, न्यायपूर्ण वितरण, समता, स्वतन्त्रता, सामाजिक समानताजस्ता पक्ष जोडिनुपर्नेमा अन्तर्राष्ट्रिय आर्थिक सहयोगको लोभका कारण शिक्षामा हुनेखानेले पढ्ने र हुँदा खानेले पढ्ने दुई धार जन्मिएको छ । आधारभूत शिक्षामा सबैको पहुँच विकास, माध्यमिक शिक्षामा श्रमबजारको मागबमोजिम सिपयुक्त शिक्षाको जग निर्माण तथा उच्च शिक्षामा सबल र गुणस्तरीय जनशक्ति तयारी हुनुपर्ने (आचार्य, २०७६, पृ. ३३४) मान्यतामा ह्रास हुँदा विश्वव्यापी मागअनुसार हिँड्न सकिएको छैन । उच्च शैक्षिक निकायलाई स्वायत्तता दिने तथा निजीकरणका कारण बढेको असमानताको खाडल न्यूनीकरण गर्ने सम्बन्धमा स्थानीय सरकार र प्रदेश सरकार नै जिम्मेवार हुने हुनाले विकेन्द्रीकृत धारणालाई मनन गर्नुपर्ने देखिन्छ । शिक्षामा निजीकरणको विकास हुँदा गुणस्तर र विश्वबजारका सवालमा अभ्यास त भए तर नेपाली माटो सुहाँउँदो र सबैको पहुँचयोग्य शैक्षिक परिवेश निर्माणमा बाधा पर्न गयो । उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०७५ ले उत्पादित जनशक्तिलाई रोजगार प्रदान गर्न नसकेको यथार्थलाई प्रस्तुत गरेको छ। यसर्थ शिक्षाका राष्ट्रिय उद्देश्यअनुरूप अब्बल नेपाली नागरिक तयार पारी समाज रूपान्तर गर्न शिक्षा, शैक्षिक योग्यतानुसारको काम र दामको परिवेश सुनिश्चित हुनुपर्छ। बजारको आवश्यकता अध्ययन गरेर सोही अनुरूप शिक्षा दिने पद्धतिको विकास गर्नुपर्छ।

कतिपय सन्दर्भमा नेताहरूको भोट बैङ्कका लागि सामुदायिक क्याम्पस खोलिएको देखिन्छ। यसर्थ भौगोलिक स्थिति र स्थानीय अवस्थाको अध्ययन नगरी क्याम्पसहरू स्थापना भएकाले तिनलाई गाभ्ने प्रक्रियाको योजना (बराल, २०८०, पृ. ६) लाई अनुसन्धानात्मक समीक्षा र कार्यान्वयन आवश्यक छ। क्याम्पसलाई भौगोलिक निकटता, विकटता र विद्यार्थी सङ्ख्याका आधारमा समायोजन गर्नु बढी उपयुक्त हुने देखिन्छ। यद्यपि संविधानको अपेक्षा र दिगो विकासको लक्ष्यलाई ध्यानमा राखेर भौगोलिक दूरताका आधारमा उच्च शैक्षिक संस्था हुनुपर्ने कुरा बढी मनासिब पनि देखिन्छ । हाल आएर त्रिभुवन विश्वविद्यालयका सामुदायिक क्याम्पसहरूले वर्तमान सन्दर्भमा सञ्चालित कतिपय कार्यक्रमलाई छोडेर बजारको माग र आवश्यकतामा आधारित पाठ्यक्रम पढाउन चाहेको देखिन्छ। यस सन्दर्भमा सहभागी दुईको धारणा यस्तो रहेको छ :

> हाम्रो क्याम्पसमा सञ्चालित कार्यक्रम अब पुराना भए । यसमा बजार कम भएकाले विद्यार्थी र अभिभावकले बीबीए, बीबीएमलगायत अरू प्राविधिक धारलाई रोज्न थाले । हरेक साल विद्यार्थी भर्ना दर घटिरहेकाले हामीले नयाँ र बिक्ने विषयलाई कसरी पढाउने भनेर सोच्ने बेला आएको छ । फेरि सामुदायिक क्याम्पसलाई त विद्यार्थीको फि (शुल्क) ले थेग्न गाह्रो छ नि त । त्यो विषय किन पढाउने भन्दा पनि कसरी क्याम्पसलाई चलायमान बनाउने भन्ने बाध्यता हामीलाई छ। मेरो विचारमा त राज्यले नै छुट्टै नीति ल्याएर सामुदायिक क्याम्पस मात्रै होइन, उच्च शिक्षामा रूपान्तरण ल्याउने नीति बनाउनुपर्छ। बनाएर मात्र हुन्न, कार्यान्वयन गर्नुपर्छ।

वास्तवमा निजी क्याम्पसले महङ्गो शुल्कमा प्राविधिक र गरीखाने विषय पढाउन सक्छन् किनभने त्यहाँ छानिएका 'सेलेक्टेड' विद्यार्थीहरू पढ्छन् । यहाँ विशेषतः मध्यम र उच्च वर्गका, शिक्षाका लागि प्रशस्त समय र पैसा खर्च गर्न सक्ने तथा बौद्धिक स्तर पनि उँचो भएका विद्यार्थीहरू पढ्न पुग्छन् । यिनमा नियन्त्रित वातावरणमा अनुशासन कायम हुन्छ भने पैसा तिरेका कारणले पढ्नुपर्छ भन्ने मनोवैज्ञानिक दबाब पनि हुन्छ । उच्च शिक्षाको असमानता घटाइ गुणस्तरमा समानता कायम गर्न राष्ट्रिय प्रतिबद्धता, समग्र पर्याप्त स्रोतसाधन व्यवस्थापन नीति, प्रभावकारी समानता प्रवर्द्धन नीति, दीर्घकालीन दृष्टिकोण र एकरूपताको सुनिश्चितता अत्यावश्यक हुन्छ (सल्मी र डी'अडियो, सन् २०२१) । यदि यसो नभएमा यसबाट दक्ष जनशक्ति उत्पादन त हुन्छ तर विशेषतः प्रभुत्व वर्ग नै शक्तिको केन्द्रमा पुग्न सफल हुन्छ किनभने विपन्न वर्गले यसरी महङ्गो शुल्क तिर्न सक्दैन (भट्टराई, २०८१, पृ. ६७–६८)। यस विपरीत सरकारी क्याम्पसमा थोरै शुल्कमा शिक्षा लिन पाइन्छ तर शैक्षिक प्रक्रिया, तरिका र नियमिततामा प्रशस्त समस्या छन् । पार्टीहरूको प्रभुत्व, तालाबन्दी, हुलहुज्जत भइरहने, प्रभावकारी शिक्षण नहुने लगायतका

समस्या छन् । अर्कोतिर सामुदायिक क्याम्पसलाई सीमित शुल्क लिएर कक्षा सञ्चालन गर्नुपर्ने बाध्यता छ । यसर्थ सामुदायिक क्याम्पस निजी र सरकारी क्याम्पसभन्दा फरक शैलीमा सञ्चालित छन् । यद्यपि सरकारी क्याम्पसका यस्तै प्रभावबाट आंशिक रूपमा सामुदायिक क्याम्पसहरू पनि अछुतो छैनन् । धेरैजसो विद्यार्थीहरूले सामुदायिक क्याम्पसलाई पनि सरकारी क्याम्पसकै रूपमा बुझ्ने गरेको देखिन्छ। सोही स्तरमा सुविधाको अपेक्षा गरेको देखिन्छ । यस सन्दर्भमा तीन जना विद्यार्थीसँगको कुराकानी यस्तो रहेको छ :

विद्यार्थी १ : सर यो क्याम्पस सरकारी क्याम्पस होइन र ? (विद्यार्थीलाई सरकारी र सामुदायिक क्याम्पसका बारेमा थाहा नहुनु) मैले त सरकारी नै भनेर सोचेको थिएँ बाई... (हाँसो) तर सर जे भए पनि हाम्रो फि चाहिँ महङ्गो छ क्या ...

विद्यार्थी २ : यत्रो पैसा तिरेर बेकारमा यहाँ पढिएछ सर । बरु त काठमाण्डु गाको भए जागिर पनि खान पाइन्थ्यो । यहाँ त खाली खर्च मात्रै हुन्छ। गाडीलाई पनि पैसा तिर्नुपर्छ। कलेजले बसको पैसा नलिनु नि । त्यत्रो फि तिरेको छ त अनि । ....

विद्यार्थी ३ : सर यो लाइब्रेरीमा हामीलाई ४ ओटा मात्रै किताब दिन्छ। त्यत्रो फि लिएपछि हामीले फेरि किताब पनि आफैँले किन्नुपर्ने ? यो कलेजले हामीलाई लास्टै ठग्छ क्या....।

यसर्थ सामुदायिक क्याम्पसलाई विद्यार्थी, समाज र सरकारले हेर्ने दृष्टिकोणमा सुधार आवश्यक छ । संविधानतः प्रदेश सरकारले नै सामुदायिक क्याम्पसलाई भौतिक, आर्थिक, शैक्षिक र आवश्यक प्रशासनिक सहयोग गर्नुपर्ने देखिन्छ। किनभने, सामुदायिक क्याम्पसले विशेषतः अपर्याप्त वित्तीय स्रोत, प्राचीन शिक्षण विधिको प्रयोग, प्रशासनिक कमजोरी र उत्तरदायित्वको अभाव, प्रविधिमा कमजोर पहुँच, मानव संशाधन र पेसागत स्थायित्वको अभावलाई झेलिरहेका छन् (चिमरिया, २०२४, पृ. ८) । यस्ता क्याम्पसहरू विश्वविद्यालय अनुदान आयोगको अनुदानको आड र स्थानीय सरकारकै अनुदानमा मात्रै पनि सञ्चालित देखिन्छन् । यसमा पनि नजिकै उही कार्यक्रम सञ्चालन भएको अर्को सामुदायिक क्याम्पस छ भने अघोषित द्वन्द्व भइरहने परिस्थिति पनि बनिरहेको देखिन्छ । यस सन्दर्भमा सहभागी तीनको धारणा यस्तो रहेको छ :

> हामी (क्याम्पस) लाई कतिपय नेताहरूले राजनीति गर्ने थलो सम्झन्छन् । भाषण गर्ने थलो मान्छन् । कार्यक्रममा बोलाएर सम्मान गरिदिए हुन्थ्यो भन्छन् ।.... सहयोग त गर्छन् तर प्राज्ञिक र बौद्धिक सहयोग नहुँदा प्रशासनिक कुरा अप्ठ्यारो पनि हुने रहेछ । प्रदेशले हेर्नुपर्ने हो हेर्दैन, हाम्रो दुई नम्बर प्रदेश त झनै जिम्मेवारै बन्दैन । ... सामुदायिक क्याम्पसबिचमा प्रतिस्पर्धा छ, परीक्षा प्रणाली नसुध्रिए तराईका मात्रै होइन कतैको पनि उच्च शिक्षा सुध्रिँदैन । खाली चिटिङमा ध्यान दिन्छन् यहाँ.....।

उल्लिखित समग्र सन्दर्भलाई हेर्दा विधानतः नाफामूलक नहुनु तथा न्यून शुल्कमा विद्यार्थी पढाउनु यस्ता क्याम्पसका बेग्लै बाध्यता हुन् । नेपालको उच्च शिक्षा प्रणालीमा क्याम्पस स्वायत्तता लागु गर्न सावधानीपूर्वक योजना, क्षमता निर्माण, सुशासन र जवाफदेहिता अपरिहार्य छ । यसका साथै चुनौतीहरूलाई सम्बोधन गर्न, नवप्रवर्तनलाई प्रोत्साहित गर्न तथा सहकार्य र समन्वयलाई बढावा दिनु जरुरी देखिन्छ (कुँवर र अन्य, सन् २०२४) । यहाँ राजनीतिक र सामाजिक उत्तरदायित्व कमजोर हुनुमा विनाअध्ययन विश्वविद्यालयले सम्बन्धन र एउटै कार्यक्रम बाँढ्नु पनि हो । यसर्थ नेपालका धेरैजसो सामुदायिक क्याम्पसहरू थोरै विद्यार्थी सङ्ख्याको शुल्क, गाउँपालिका/नगरपालिकाको आर्थिक अनुदान (स्थानीय सरकारको नीतिमा नभए पनि) र विश्वविद्यालय अनुदान आयोगको नियमित अनुदानका भरमा चलेका छन्। यसमा मुलुकका प्रदेश सरकारहरू बढी जिम्मेवार र जवाफदेही बन्नु वर्तमान आवश्यकता हो किनभने अहिले धेरै क्याम्पसहरू सम्बन्धन लिएका कारणले त्यसलाई जोगाउनका लागि र सानोतिनो स्वार्थसँग जोडिएर चलेका देखिन्छन्।

## गुणस्तर सुधारका सवालहरू

विश्वविद्यालय अनुदान आयोगले गुणस्तर सुनिश्चितता प्रत्यायन (Quality Assurance Accreditation) का लागि तय गरेका मापदण्डमा जाने

वा छिमेकी क्याम्पसका दुई वा सोभन्दा बढी क्याम्पसलाई एउटै क्याम्पस बनाउने भन्ने कुरा मुख्य सवाल हो। यद्यपि भूगोल, आवश्यकता, जनसङ्ख्या र सामयिक पक्षलाई गुणस्तरसँग जोड्नुपर्ने देखिन्छ। शिक्षकको पेसागत विकास र प्रतिस्पर्धी जनशक्ति विकासबिचमा समन्वय गर्नुमा अनुसन्धानमुखी शिक्षाका तमाम सवालहरू जोडिन्छन् । यथार्थमा उच्च गुणस्तरयुक्त संस्था विकास गर्दै तिनलाई सरकारले नै अपनत्व लिनुपर्छ। यसमा भूगोल, जनसङ्ख्या र सम्भावनाका आधारहरू स्पष्ट हुनुपर्छ। भट्टराई (२०८१) का अनुसार विश्वविद्यालय अनुदान आयोगले प्रदान गर्ने गुणस्तर सुनिश्चितता प्रत्यायन (QAA) को मापदण्डकै आधारमा परीक्षा प्रणालीलाई पनि सुधार गर्नुपर्ने देखिन्छ। नियमित अनुदानमा उत्तीर्ण दर मात्रै हेरेर पुग्दैन। त्यसको प्रकृति र शैलीमा नियमन आवश्यक छ। शैक्षिक संस्थाका रूपमा विश्वविद्यालयलाई स्थानीय, राष्ट्रिय र विश्वव्यापी विकासलाई जोड्ने उद्देश्यमा मुख्य गरी 'मानव पुँजी' र 'मानवतावादी' चिन्तनका दुई आयाम आवश्यक हुन्छन् । यसमा पनि उच्च शिक्षाले श्रम बजारको मागलाई सम्बोधन गनुपर्ने तथा विश्वव्यापी र राष्ट्रिय चुनौतीलाई बोध गर्नुपर्छ (चान्कसेलियानी, कोराबोएभ र गेम्रानोभा, सन् २०२१) । नेपालका सन्दर्भमा सामुदायिक क्याम्पसहरूलाई प्रतिस्पर्धी बनाउनुभन्दा गुणस्तरमा प्रतिस्पर्धी बनाउने रणनीति तय हुनुपर्ने देखिन्छ। शैक्षिक गुणस्तर र सुविधाहरूको कमी अहिलेको प्रमुख समस्या हो । दोस्रो चाहिँ उत्पादित जनशक्तिले क्षमताअनुसारको कामको अवसर नपाउनु हो। विशेषत: गुणस्तर सुधारसहित उच्च शिक्षा सुधार गर्ने आधारलाई यसरी बुँदागत रूपमा यसरी निक्र्योल गर्न सकिन्छ :

### *मानव पुँजी निर्माण*

नतिजामुखी मानव पुँजी विकासको आधार तय गरी पाठ्यक्रम र पाठ्यवस्तु चयन गर्नु बढी सान्दर्भिक देखिन्छ (Mishra, 2023a; Mishra, 2024b) । कक्षाकोठाकै परिवेश र समाजको आवश्यकताका आधारमा पाठ्यक्रम तर्जुमा गर्नु बढी व्यावहारिक देखिन्छ। किनभने, एउटा अध्ययनअनुसार ग्रामीण बोलिभियामा जन्मेको बच्चालाई उच्च शिक्षा प्राप्त गर्ने सम्भावना १.७ प्रतिशत रहँदा 'ला पाज' का कुनै पेसेबर बाबुआमाका छोराछोरीका लागि यो सम्भावना ५१ प्रतिशत रहेको देखिन्छ (सल्मी र डी'अडियो, सन् २०२१) । यसरी नै विकासोन्मुख देशका विद्यार्थीमा जातीय, लैङ्गिक, भौगोलिक विकटता, सामाजिक–आर्थिक पृष्ठभूमि आदिले शैक्षिक गुणस्तरमा असमानता बढाउँछ। सन् २०३० सम्ममा मध्यम आय भएको मुलुक बनाउनका लागि आन्तरिक माग र उत्पादकत्व बढाउने नीति कायम गर्नुपर्छ। शिक्षा, स्वास्थ्यजस्ता क्षेत्रमा लगानी बढाई समावेशिता, सहभागिता र सामाजिक न्यायमा ध्यान दिइनुपर्छ (आचार्य, २०७६, पृ. ४४६) । यसर्थ ग्रामीण क्षेत्रमै गरिखाने र समाजमा बाँच्ने खालको आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण गर्नु वाञ्छनीय हुन्छ। यसमा पनि लगानी, प्रक्रिया र मूल्याङ्कनसहित मानव पुँजीको उपभोगको नतिजालाई विश्लेषण गर्ने पद्धतिको विकास गर्नु उपयुक्त हुने देखिन्छ।

### *प्राविधिक, प्राज्ञिक तथा तालिम प्राप्त जनशक्तिद्वारा शिक्षण*

नवीन अनुसन्धान र रचनात्मक शिक्षण शैलीका आधारमा प्राविधिक र विषय विज्ञ जनशक्तिलाई अवसर दिने रणनीति तय गर्नु आवश्यक छ। प्रतिस्पर्धात्मक बजारमा अब्बल जनशक्तिका माध्यमबाट शिक्षण गर्नुपर्ने रणनीतिसहित जनशक्ति छनोट प्रक्रियालाई बढी व्यावहारिक र एकरूप बनाइनुपर्ने देखिन्छ।

### *परीक्षा र विश्वसनीयता*

परीक्षामा प्रश्नपत्रलाई समस्यामूलक र बुझाइका आधारमा लेख्ने प्रकृतिको बनाइनु आवश्यक छ। यसमा परीक्षा पद्धति, उत्तरपुस्तिका परीक्षणको प्रक्रिया तथा सरोकारवाला निकायले निर्वाह गर्ने प्रशासनिक दायित्वको विशेष भूमिका रहन्छ। परियोजनामूलक अभ्यास, त्यसको दस्तावेजीकरण र नियमनसहित विश्वसनीय प्रक्रिया आवश्यक छ। यसका लागि प्रयोगात्मक प्रतिवेदनलाई मौखिक प्रस्तुतिकरण गर्ने परीक्षा प्रणालीमा जोड दिनु बढी सान्दर्भिक देखिन्छ।

### *आङ्गिक र सामुदायिक क्याम्पसमा समानताको नीति*

क्याम्पसलाई विविध शैलीमा विभाजन गर्दा वर्गीय खाडल निर्माण हुने भएकाले सामुदायिक क्याम्पसलाई केन्द्रीय क्याम्पसले अपनत्व लिँदै आङ्गिक क्याम्पसमै गाभ्ने र सोहीअनुरूप व्यवस्थापन गर्ने नीति लिनुपर्छ। समानताका सन्दर्भमा वित्तीय पक्ष मात्रै नभएर राष्ट्रिय र संस्थागत तहका पहुँचजन्य गैरवित्तीय पक्षहरूलाई पनि ध्यानमा राखेर

हस्तक्षेपको पनि प्रभाव मूल्याङ्कन गर्नु आवश्यक हुन्छ (सल्मी र डी' अडियो, सन् २०२१) । नेपालको सन्दर्भमा प्रदेश सरकारले सामुदायिक विश्वविद्यालय बनाएर अघि बढ्ने हो भने उक्त विकल्पमा पनि स्वायत्तता, स्थायित्व, सेवासुविधाको सुनिश्चितता, सामाजिक सुरक्षा आदि कुराहरू समान र विभेदरहित हुनुपर्छ । स्वायत्तता कार्यान्वयनमा रणनीतिक योजना, क्षमता विकास, असमानताहरूलाई सम्बोधन गर्ने विधि, शैक्षिक स्वतन्त्रतालाई कायम राख्ने पद्धति र समन्वय कायम राख्ने प्रक्रिया आवश्यक हुन्छ। यसका साथै नवप्रवर्तनलाई बढावा दिने, शैक्षिक नतिजाहरू बढाउने तथा स्वायत्तता र जवाफदेहिताबिच सन्तुलन कायम गर्नुपर्छ (कुँवर र अन्य, सन् २०२४) । यस सन्दर्भमा शिक्षक–कर्मचारी नियुक्ति प्रक्रियालाई खुला र पारदर्शी बनाउनुपर्ने देखिन्छ।

***शिक्षण र अनुसन्धानमा संयोजन***

वर्तमान सन्दर्भको शिक्षण प्रक्रियालाई उत्पादनमुखी र व्यवाहारिक बनाउन शिक्षणसँगै शिक्षक र विद्यार्थीबिचमा अनुसन्धानका आधार प्रस्टिनु आवश्यक हुन्छ। विश्वव्यापी नवीन प्रक्रियामा अद्यावधिक हुने र अनुसन्धेय आधारलाई प्रयोग गर्ने शिक्षण प्रक्रियाबाट नै शैक्षिक गुणस्तर सम्भव हुने देखिन्छ।

***स्थानीय अपनत्व र समाजको सहभागिता***

शिक्षा, ज्ञान र रोजगारको संयोजनलाई स्थानीय सम्भावनासँग जोड्ने पाठ्यक्रम, अभ्यास र प्रयोग हुनुपर्छ । यसबाट मुलुक पनि बन्ने र अध्ययन पनि हुने दुवै पक्ष सम्भव हुने देखिन्छ (Mishra 2023b; Mishra, 2024b) । यसर्थ अबको शिक्षामा समाजलाई उच्च शिक्षासँग जोड्ने पद्धतिसँग पाठ्यक्रम, शिक्षण प्रक्रिया र मूल्याङ्कन प्रक्रियाको सम्बन्ध खोज्नुपर्छ । पछिल्लो समय विश्वव्यापीकरण (Globalization) र स्थानीयकरण (Localization) को सम्मिश्रणबाट भूस्थानीकरण (Glocalization) को अवधारणा विकसित छ । हाम्रो देशमा अहिले शिक्षा, स्वास्थ्य, सञ्चार, रोजगारलगायका आधारको अपेक्षामा गाउँ बाँझिने र सहर भरिने परिस्थिति बढ्दो छ । फलतः आम्दानी र खर्चको असन्तुलनबाट महङ्गीको दायरा बढ्दो छ। विश्वव्यापीकरणले चेतनाको विकास र जीवनको स्तरीकरणमा प्रभाव पारेको हुन्छ । भूस्थानीयकरणले समयानुकूल संसारका परिवर्तनलाई समयानुकूल अवसर नै मानेर अघि बढ्ने गरेको पाइन्छ । मानिसमा विचारको विस्तार हुने, राजनैतिक–आर्थिक आधिपत्य कम हुने, सम्भ्रान्त वर्गको दमन कम हुने, विकासोन्मुख राष्ट्रले आफ्ना स्रोत साधनको उपयोग गर्न पाउने वा नपाउने भनेर निर्धारण गरिएको हुनेजस्ता पक्षमा भूस्थानीयकरणको प्रभाव रहन्छ। अतः यसले विश्वव्यापी रूपमा सोच र स्थानीय तबरमा काम गर भन्ने कुरामा जोड दिन्छ (भट्टराई र जि.सी., २०७९, पृ. १०५–११७) । यसर्थ सामाजिक, आर्थिक तथा शैक्षिक परिवर्तनको चिन्तनका आधारमा स्थानीयकरणका लागि प्रदेश र स्थानीय सरकारले उच्च शिक्षामा ध्यान दिनु आवश्यक देखिन्छ।

***समाज रूपान्तरणमा एकता***

लोककल्याणकारी जनशक्ति निर्माण र समाज रूपान्तरणमा उच्च शिक्षालाई विश्वव्यापी आवश्यकतासँग जोड्न सकेमा विकेन्द्रीकरणको लक्ष्यमा पुग्न सकिन्छ । फलतः युवालाई स्वदेशभित्रै रोजगार खोज्न प्रेरित गर्न सकिन्छ (Mishra & Jha, 2023)। उच्च शिक्षाको प्रगति दरलाई मापन गर्न सक्षम र व्यवस्थिति सूचना प्रणाली (सल्मी र डी'अडियो, सन् २०२१) अत्यावश्यक हुने भएकाले सस्तो लोकप्रियताका लागि खोलिने उच्च शैक्षिक निकायद्वारा प्राज्ञिक भार थेग्न गाह्रो हुन्छ । यसर्थ समाज रूपान्तरणमा स्थानीय सरकार, स्थानीय सामुदायिक वा आङ्गिक उच्च शैक्षिक निकायबिच रचनात्मक समन्वय र मुलुकबाहिरका सम्बन्धित निकायबिच सन्तुलित समन्वय गर्नु उपयुक्त हुने देखिएको हो।

उल्लिखित आधारहरूलाई हेर्दा नेपालको शैक्षिक रूपान्तरणमा सामुदायिक क्याम्पसलाई प्रत्यक्ष रूपमा स्थिर मानव पुँजीको अभावले असर पारेको देखिन्छ । यसर्थ सामाजिक सुरक्षाको अभाव र जागिरको स्थायित्वको अभावका कारण सामुदायिक क्याम्पसहरू आर्थिक मार सँगसँगै टिकिरहने बाध्यताका सँघारमा छन्। यसलाई परोक्ष रूपले नेतृत्वमा हुने अस्थिरता र अनियमितता, स्थानीय राजनीतिक हस्तक्षेप र सामुदायिक संलग्नताको कमीले दीर्घकालीन विकासमा चुनौती खडा गरेको छ । यस सन्दर्भमा सहभागी एकको यस्तो विचार रहेको छ :

> हामीले सामुदायिक क्याम्पसलाई सुरक्षित बनाउन सक्छौं । विषय फरकफरक पढाउने, नजिकका क्याम्पसलाई मर्ज गर्ने वा गाभ्ने । अब यो त

विश्वविद्यालयले, सरकारले नीति ल्याउनुपऱ्यो नि । अनुदान कस्ता क्याम्पसलाई कसरी र किन दिने भन्ने हुनुपऱ्यो । बच्चा जन्माउँदै, छोड्दै गरेजस्तो भएको छ । क्याम्पसहरू खोल्नका लागि खोलिए अनि चलाउनका लागि चलेका देखिन्छन् । बरु त एउटा नगरपालिकाभित्र एउटा क्याम्पस चलाउने, राम्रोसँग सेवासुविधा दिने, जनशक्ति उत्पादन गर्ने अनि नगरपालिकाले नै सकेकालाई रोजगार दिने... त्यो त नीति हुनुपर्छ। चिन्तन र चेतनामा व्यावहारिक आधार स्पष्ट हुनुपर्छ । सामुदायिक क्याम्पसलाई खाली नेताको भाषण गर्ने ठाउँ अनि माउ क्याम्पसको यसो बिसौनी र कमाउने र रमाउने शैली हुनुहुँदैन। ... अझ म त भन्छु प्रदेशले अनुदान दिनुपर्छ र प्रदेशले नै व्यवस्थित रूपले चलाउनुपर्छ।

एउटा अध्ययनलाई हेर्दा काजकिस्तान र जर्जियाको उच्च शिक्षालाई हेर्दा दुवै देशमा व्यक्तिगत स्वतन्त्रता, उनीहरूको प्रतिभा, रुचि र सिपमा आधारित सहयोग तथा श्रम बजारको आवश्यकतामुखी प्रतिस्पर्धाको अभावका कारण आर्थिक र सामाजिक असमानता बढ्न पुग्यो (चान्कसेलियानी, कोराबोएभ र गेम्रानोभा, सन् २०२१) । आजको सन्दर्भमा पनि नेपालमा प्रविधिको पहुँच विस्तार र ग्रामीण क्षेत्रमा देखिएका भौतिक, प्राविधिक र पुँजीगत अभाव तथा सामाजिक अशिक्षासँगै स्थापित कमजोर सामाजिक चेतनाले सामुदायिक क्याम्पसलाई असर पारिरहेको देखिन्छ। यसर्थ आधुनिक शिक्षण विधिहरूका सन्दर्भमा पनि विद्यार्थीहरूलाई इन्टरनेटमा आधारित स्रोतहरू जुटाउन र जुटाइएको सामग्रीलाई सिकाउने जनशक्तिलाई टिकाउने समस्या छन्। फलतः पठनपाठनको गुणस्तर कमजोर हुँदा सिकाइ र गुणस्तरबिचको समन्वय हुन सकिरहेको छैन। यसर्थ वित्तीय स्रोतको सुदृढीकरणसँगै प्रदेश सरकारको तर्फबाट ठोस अनुदान व्यवस्थासहितको अपनत्वमार्फत सरकारी, सामुदायिक र निजी भनिएका विभाजित उच्च शैक्षिक निकायलाई संयोजन र सुदृढीकरण गर्नुपर्ने देखिन्छ।

## निष्कर्ष

सामुदायिक क्याम्पसहरू समुदायमा जोडिएकाले समाज रूपान्तरणका उच्च शैक्षिक जिम्मेवार निकाय बनेका छन् । यसर्थ यिनको सुदृढीकरण र दिगोपनका सन्दर्भमा स्थानीय, प्रदेश र सङ्घीय सरकारले आ–आफ्नो तर्फबाट शैक्षिक सुदृढीकरणका लागि भूमिका खेल्नु आवश्यक छ। यसमा पनि संविधानतः प्रदेश सरकारले सामुदायिक क्याम्पसलाई अभिभावकत्व प्रदान गरेर आर्थिक, शैक्षिक तथा प्रशासनिक सुदृढीकरणमा जोड दिनुपर्ने देखिएको छ । नेपाली समाजका विपन्न परिवार र ग्रामीण तहका विद्यार्थीहरूको अध्ययनमा सहयोग पुऱ्याउनका लागि विभिन्न देशहरूमा प्रयोग भएका अभ्यासहरूलाई नेपालमा पनि लागु गर्न सकिन्छ। यसमा सामुदायिक क्याम्पसको अहम् भूमिका रहन्छ । नेपाली समाजको चेतनास्तर विकाससँगै असमानता हटाई उच्च शैक्षिक जनशक्ति निर्माणमा सामुदायिक क्याम्पसले ग्रामीण सुदृढीकरण गरेको छ । समाज सुधारमा भनिने 'सुदृढ गाउँ' अर्थात् 'स्मार्ट भिलेज' निर्माणका लागि सामुदायिक क्याम्पसको विशेष भूमिका रहेको पनि देखिन्छ। यसर्थ उच्च शिक्षाको शैक्षिक, प्रशासनिक, नीतिगत सुधारका लागि आर्थिक दिगोपन र स्थायित्वसमेत जोडिने हुँदा यसमा प्रदेश सरकारले अभिभावकत्व प्रदान गर्दै नीति, योजना र कार्यान्वयनसँगै अनुगमन र सुधार गर्नु अपरिहार्य देखिएको छ।

नेपालका सामुदायिक क्याम्पसहरूले भोगेका आर्थिक, भौतिक र शैक्षिक चुनौतीहरूको समाधानसँग समाज रूपान्तरण र शैक्षिक जागरणका सन्दर्भहरू गाँसिएका छन्। यी समस्याहरूलाई समाधान गर्न सरकार, समुदाय र निजी क्षेत्रको साझा प्रयास आवश्यक छ। दिगो आर्थिक व्यवस्थापन, रूपान्तरणकारी अनुसन्धान र शैक्षिक गुणस्तर विकास, प्रविधिको समावेशीकरण तथा नेतृत्वमा सुधार गरी सामुदायिक क्याम्पसहरूलाई सशक्त बनाउन सकिन्छ । यसका साथै ग्रामीण तहका विद्यार्थीहरूको अध्ययनलाई सहज बनाउन अन्तर्राष्ट्रिय अभ्यासहरूलाई समेत लागु गर्न सकिन्छ । अनुसन्धान संस्कृतिको विकास, पूर्वविद्यार्थी मञ्चको अपनत्व विकास, गुणस्तर सुधारमा साझेदारी अभ्यास, माध्यमिक शिक्षा र उच्च शिक्षाबिचको समन्वय, समुदायकै शैक्षिक स्रोत केन्द्रका रूपमा सामुदायिक क्याम्पसको भूमिका विकासजस्ता प्रणालीले उच्च शिक्षाको गुणस्तर सुधारमा विशेष भूमिका खेल्न सक्छ । वस्तुतः सामुदायिक क्याम्पसलाई व्यवस्थित र स्थायित्व

प्रदान गर्ने नीतिसहित प्रदेश सरकारले अभिभावकत्व प्रदान गर्ने र आर्थिक अनुदान दिने आधार स्पष्ट हुनुपर्ने देखिएको छ। परिणामतः उच्च शिक्षामा सबैको पहुँच विस्तार भई सामाजिक उत्तरदायित्व बढ्न सक्ने देखिन्छ।

## सन्दर्भ सामग्री


आचार्य, भानुप्रसाद (२०७६), *नेपालमा उदारवाद प्रयोग र परिणाम,* काठमाडौँ : साङ्ग्रिला पुस्तक प्रा.लि.।

आचार्य, यादव (२०७८), नेपालमा उच्च शिक्षा : मूल समस्या र समाधानका उपायहरू, *विकासको निम्ति शिक्षा, वर्ष* २५(१), पृ. २०२–२१९ । https://doi.org/10.3126/bns.v45i25.59981

उच्च शिक्षा ऐन (२०७६), *उच्च शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,* नेपाल सरकार।

*नेपालको संविधान* २०७२, नेपाल सरकार।

न्यौपाने, महेन्द्र र अन्य (२०८१), त्रिभुवन विश्वविद्यालय सञ्चालन र व्यवस्थापनसम्बन्धी उपकुलपतिको सोचपत्र तथा व्यावसायिक कार्ययोजना : एक समीक्षा, *त्रिवि वार्षिक दिवस प्रकाशन–२०८१,* त्रिवि, सूचना तथा जनसम्पर्क महाशाखा।

बराल, केशरजङ (२०८०), त्रिभुवन विश्वविद्यालयको व्यवस्थापन तथा सञ्चालनसम्बन्धी सोचपत्र।

भट्टराई, रमेश (२०८१), नेपालमा सामुदायिक क्याम्पसका बाध्यता र शैक्षिक रूपान्तरणका सवालहरू, *जनज्योति दर्पण (रजत जयन्ती विशेषाङ्क २०८१),* पृ. १६९–१८९, जनज्योति बहुमुखी क्याम्पस, लालबन्दी, सर्लाही।

भट्टराई, होमनाथ र जी.सी., कृष्णबहादुर (२०७९), *शिक्षा तथा विकास,* जुपिटर प्रिन्टिङ एन्ड पब्लिसिङ हाउस प्रा.लि.।

मधेश प्रदेश सरकार (२०८१), *आर्थिक वर्ष २०८१/८२ को मधेश प्रदेश सरकारको नीति तथा कार्यक्रम,* नीति तथा योजना आयोग, मधेश प्रदेश सरकार, जनकपुरधाम।

मल्ल, कृष्ण (२०८१), दलहरूको *अखडा : विद्यालय व्यवस्थापन समिति,* नेटिजन नेपाल।

राष्ट्रिय योजना आयोग (सन् २०१७), *नेपाल दिगो विकास लक्ष्यहरू (वर्तमान अवस्था र भावी मार्गचित्र : २०१६–२०३०),* नेपाल सरकार।

राष्ट्रिय योजना आयोग (२०८१), *मध्यकालीन खर्च संरचना (आर्थिक वर्ष २०८१/८२–२०८३/८४) तथा वार्षिक विकास कार्यक्रम (आर्थिक वर्ष २०८१/८२),* नेपाल सरकार।

राष्ट्रिय योजना आयोग (२०७६), *पन्ध्रौँ योजना (आर्थिक वर्ष २०७६/७७–२०८०/८१),* नेपाल सरकार।

राष्ट्रिय योजना आयोग (२०८१), *सोह्रौँ योजना (आर्थिक वर्ष २०८१/८२–२०८५/८६),* नेपाल सरकार।

शर्मा, खगराज (......), *सामुदायिक क्याम्पसहरूको अवस्था र चुनौती,* राममणि बहुमुखी क्याम्पस।

शिक्षा मन्त्रालय (२०७३), *विद्यालय क्षेत्र विकास योजनाः वि.सं. २०७३/०७४–२०७९/०८०,* लेखक।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०७५), *उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०७५,* नेपाल सरकार।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०७६), *राष्ट्रिय शिक्षा नीति २०७६,* नेपाल सरकार।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०७६), *सङ्घीय शासकीय संरचनामा विद्यालय क्षेत्र विकास योजना (विक्षेवियो) को सङ्क्रमणकालीन योजना र कार्यान्वयनको मार्ग चित्र,* लेखक।

Chankseliani, M., Qoraboyev, I., & Gimranova, D. (2021). Higher education contributing to local, national, and global development: new empirical and conceptual insights. *Higher Education*, 81(1), 109–127. https://doi.org/10.1007/s10734-020-00565-8

Chimariya, D. R. (2024). *Community Campuses in Nepal: Challenges and the Way Forward.* https://doi.org/10.13140/RG.2.2.30024.74240

Kunwar, R., Shrestha, A. K., Acharya, D., & Pokhrel, R. K. (2024). Stakeholder perspectives on the management and implementation of campus autonomy in tribhuvan university nepal: A qualitative analysis. *International Journal of Professional Business Review: Int. J. Prof. Bus. Rev., 9*(3), 1–31.

Mishra, A. K. (2023). Together we build human capital. *Apex Journal of Business and Management*, *1*(1), 1–10. https://doi.org/10.5281/zenodo.8402501

Mishra, A. K. (2023). Wisdom of worthy for Madhesh Province. *GS WoW*: *Wisdom of Worthy Research Journal*, 1(1), 1–6. https://doi.org/10.5281/zenodo.10441517

Mishra, A. K. (2024). Actions of academic institutions for optimization of human capital. *Apex Journal of Business and Management, 2*(1), 1–8. https://doi.org/10.61274/apxc.2024.v02i01.001

Mishra, A. K. (2024). EmpoweringNepal's future: Madhesh University'srole in harnessing the demographic dividend. *GS WOW: Wisdom of Worthy Research Journal, 3*(2), 1–13. https://doi.org/10.5281/zenodo.14498825

Mishra, A. K., & Jha, P. B. (2023). Emergence of quality assurance and accreditation: Context of higher education in Nepal. In P. K. Paul, P. K. Aithal, V. T. Shailashri, & S. Noronha (Eds.), *Emergence and research in interdisciplinary management and information technology* (pp.167–182). New Delhi Publishers. https://doi.org/10.5281/zenodo.8065756

Salmi, J., & D'Addio, A. (2021). Policies for achieving inclusion in higher education. *Policy Reviews in Higher Education*, *5*(1), 47–72. https://doi.org/10.1080/23322969.2020.1835529

Sam, R., Jamil, H. B., & Md Zain, A. N. (2024). *Cambodia's higher education development in historical perspectives.*

Universyty Grants Commission (2023/2024). *Annual report 2080/81* (*2023/2024*). Universyty Grants Commission, Nepal.